त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## कृषि/वागवानी (B.Sc.Ag./Hort.) स्नातक तहमा विद्यार्थी भर्नासम्बन्धी सूचना

**प्रकाशित मितिः २०७८/१२/२२**

शैक्षिक वर्ष २०७८/०७९ को लागि यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानमा सञ्चालन हुने कृषि/वागवानी (B.Sc.Ag./Hort.) विज्ञान विषयको स्नातक तहको लागि मिति २०७८/१२/२६ गते सञ्चालन हुने प्रवेश परीक्षाको नतिजा प्रकाशन, मेरीट क्रमाङ्क तथा भर्ना प्रक्रिया तपशिल वमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानाकारी गरिन्छ।

१. **प्रवेश परीक्षाको नतिजा प्रकाशनः** मिति २०७८/१२/२७ गतेभित्र अध्ययन संस्थानको वेवसाइट र डीन कार्यालयको सूचना पाटीमा प्रकाशित गरिनेछ।

२. **मेरीट क्रमाङ्क र भर्नाको लागि निर्धारित संख्याः** मेरिट क्रमाङ्क प्रकाशित गर्दा प्रवेश परीक्षाको प्राप्ताङ्कलाई नै १००% अंकभार दिईनेछ। सोको आधारमा मेरिट क्रमाङ्क सूची तयार गरी मिति २०७८/१२/२८ गतेभित्र प्रकाशित गरिनेछ। प्राप्ताङ्क बराबर भएमा १०+२ वा सोसरहको प्रतिशत/ग्रेड, सो पनि बराबर भएमा एस.इ.इ वा सोसरहको प्रतिशत/ग्रेड र सो पनि बराबर भएमा क्रमसः बायोलोजी, केमेस्ट्री, अंग्रेजी, गणित तथा फिजिक्स विषयको प्रतिशत/ग्रेड हेरी बढी प्रतिशत/ग्रेड ल्याउनेलाई मान्यता दिईनेछ।

**तालिका नं.१: भर्नाको लागि निर्धारित कोटा/संख्यासम्बन्धी विवरणः**

| **कोटा विवरण** | **वि.एस्सी.कृषि/वागवानी** | | | | | |
|---|---|---|---|---|---|---|
| | **लमजुङ** | **पक्लिहवा** | **रामपुर** | **गौरादह** | **नेपाली सेना** | **जम्मा** |
| मेरिट कोटा | २७ | २७ | २६ | २६ | १३ | **११९** |
| **छात्रा कोटा** | | | | | | |
| खुला | १ | १ | २ | २ | १ | **७** |
| दलीत | | | | | १ | **१** |
| मुस्लीम | १ | - | - | - | - | **१** |
| **आदिवासी-जनजाती कोटा** | १ | २ | २ | १ | १ | **७** |
| **मधेसी कोटा** | | | | | | |
| खुला | १ | १ | १ | १ | १ | **५** |
| दलित | - | - | - | १ | - | **१** |
| **दलित कोटा** | १ | १ | १ | १ | - | **४** |
| **अपाङ्ग कोटा** | १ | १ | १ | १ | - | **४** |
| **मुश्लीम कोटा** | १ | १ | - | १ | - | **३** |
| **थारु कोटा** | १ | १ | १ | १ | १ | **५** |
| **दुर्गम जिल्ला कोटा** | १ | १ | १ | - | - | **३** |
| **अन्य कोटा** | १ | १ | १ | १ | - | **४** |
| अ.सं. विकास शुल्क | १३ | १३ | १४ | १४ | ६ | **६०** |
| **जम्मा** | **५०** | **५०** | **५०** | **५०** | **२४** | **२२४** |

**स्टाफ कोटा**

| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | जम्मा |
|---|---|---|---|
| सहलियत शुल्क | १ | २ | ३ |
| पूर्ण शुल्क | १ | २ | ३ |
| जम्मा स्टाफ कोटा | २ | ४ | ६ |

पो.अ.ब. ९८४; फोनः ९७७-१-४३३०५००/४३३०६००; इमेलः info@iaas.edu.np; Website : www.iaas.edu.np

**३. भर्ना विधि :** शैक्षिक वर्ष २०७८/०७९ को लागि यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक क्याम्पस तथा संस्थानको मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क (IDF) कोटामा विद्यार्थी भर्ना काउन्सेलिङ विधिबाट गरिनेछ । तालिका नं. १ मा तोकिएको संख्या पुरा नभएसम्म रोजेको क्याम्पसमा भर्ना हुन एकै दिनमा छनौटको अवसर दिइनेछ । काउन्सेलिङको लागि तोकिएको मिति र समयमा उपस्थित हुन नसक्नेको हकमा अर्को काउन्सेलिङमा रिक्त रहेका कोटाहरुको लागि उपस्थित हुन सक्नेछन ।

**तालिका नं.२ : भर्ना मिति र समय**

| मिति | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०७९ वैशाख ४ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | मेरिट नं. ००१ देखि ११९ |
| २०७९ वैशाख ५ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | मेरिट नं. १२० देखि २२४ |
| २०७९ वैशाख ११ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | वैशाख ५ गतेसम्मको भर्नामा रिक्त हुन आउने सिट संख्याको आधारमा मिति २०७९/०१/०५ गते सूचना गरिनेछ । |
| मिति २०७९/०१/११ गतेको काउन्सेलिङमा पनि तालिका नं. १ मा तोकिएको सिट संख्या पुरा नभएमा अर्को काउन्सेलिङको लागि मिति २०७९/०१/१२ गतेभित्र सूचना प्रकाशित गरिनेछ । | | | |

**४. भर्ना शुल्क र *Migration* सम्वन्धमा:** भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि., कीर्तिपुरमा यस अध्ययन संस्थानको "कृ.प.वि.अ.सं डीनको कार्यलय" नाममा रहेको खाता नं. "०४५११६००१०४०१९००००००३" ("IAAS Dean's Office", A/C no. "04511600104019000003") मा रु. ७,१००।- (सात हजार एक सय मात्र) जम्मा गरी सोको सक्कल भाउचर बुझाउनु पर्नेछ । IDF कोटामा भर्ना हुन IDF कुल शुल्क रु.२,५०,००० (दुई लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम रु. १,५०,००० (एक लाख पचास हजार मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ ।

पहिलो काउन्सेलिङको भर्नाको दिनमा Migration र IDF शुल्क बुझाउन नसकेकाको हकमा मिति २०७९/०१/०९ गते ४ बजेभित्र बुझाउनु पर्नेछ । दोस्रो काउन्सेलिङमा भर्ना हुनेले पनी मिति २०७९/०१/१४ गते सम्म तोकिएको कागजात र शुल्क वुझाउनु पर्नेछ । तोकिएको समयमा कागजात र शुल्क नबुझाएमा उक्त कोटाहरु रिक्त हुनका साथै भर्नाको लागि बुझाएको रकम फिर्ता हुने छैन ।

**५. स्टाफ कोटामा भर्ना :** स्टाफ कोटाको लागि मिति २०७९/०१/०६ गते देखि मिति २०७९/०१/१२ गतेसम्म अध्ययन संस्थानले तोकेको ढाँचामा फाराम भरी कार्यलय समयभित्र बुझाउनु पर्नेछ । स्टाफ कोटाको लागि भर्ना तालिका मिति २०७९/०१/१२ गते पछि प्रकाशित गरिनेछ ।

**६. भर्नाको समयमा पेश गर्नु पर्ने सक्कल कागजातहरु:**

क. रकम जम्मा गरेको बैंक भाउचर ।

ख. नेपाली नागरिकताको प्रमाणपत्र ।

ग. एस.एल.सी. वा एस.इ.इ. को लब्धाङ्कपत्र (Transcript) ।

घ. १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक वा मुल प्रमाणपत्र) । १०+२ को Aggregate Transcript नभइ कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा ११ को Marksheet पनि पेश गर्नु पर्नेछ ।

ङ. १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU registration Card । स्थानान्तरण प्रमाणपत्र त्रि.वि.का आंगिक क्याम्पसमा वुझाइ सकेको भए सो क्याम्पसवाट स्थानान्तरण प्रमाणपत्र वुझि लिएको सक्कल पत्र ।

च. नेपाल बाहिरको शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तिर्ण गर्नेको हकमा समकक्षता (Equivalence) प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

छ. आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र वा आइडी कार्ड ।

***द्रष्टव्य:** विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ ।*

**७. रिक्त कोटामा भर्ना सम्वन्धमा :** नियमित भर्ना प्रक्रियाको अन्तिम दिनसम्ममा रिक्त (स्वेच्छिक वा तोकिएको समयमा कागजात/शुल्क नबुझाएको कारणले) भएका कोटाहरु स्वत IDF कोटा हुनेछन । उक्त रिक्त कोटाहरुमा भर्ना हुनका लागि २ दिनको समय दिइ आवेदन माग गरिनेछ। आवेदकहरुमध्येबाट मेरिट क्रमको आधारमा क्याम्पस चयनको अवसर दिइनेछ । यस्ता कोटाहरुमा सम्बन्धित क्याम्पसको IDF कोटामा भर्ना भएको अन्तिम मेरिट क्रमाङ्क भन्दा पछाडीको भर्ना नभएका विद्यार्थीहरुले मेरिट क्रम अनुसार अवसर पाउनेछन ।

**८. एनेक्स** (ANNEX) **कोटाको भर्ना :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क (IDF) कोटाको भर्ना सकिएपछि मात्र आंगिक क्याम्पसहरुमा ANNEX कोटामा भर्ना गर्न सम्वन्धित क्याम्पसवाट सुचना प्रकाशित हुनेछ । आंगिक क्याम्पसहरुमा निर्धारित ५० ANNEX कोटामा पनि स्थानीय कोटा ५% ले हुन आउने संख्या २.५% लाई ३ कोटामा बदली जम्मा ५३ जनासम्म मेरीटका आधारमा भर्ना गरिनेछ।

**९.सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क कोटाको भर्ना सकिएपछि त्रि.वि.बाट सम्वन्धन प्राप्त क्याम्पसहरुमा स्वीकृत कोटामा डीन कार्यालयले तोकेको प्रतिनिधिको निगरानिमा मेरिट सूचीको आधारमा भर्ना प्रकृया संचालन हुनेछ । सो सम्वन्धि सूचना सम्वन्धित क्याम्पसवाटनै प्रकाशित हुनेछ । शिक्षा मन्त्रालय, नेपाल सरकारले तोकेको १०% छात्रावृति कोटा निर्धारित कोटा भित्र समावेश हुनेछ। भर्ना प्रकृयाका सबै सूचना तथा मेरिटमा भर्ना गरिएका बिद्यार्थीहरुको नामावलि अनिबार्य रुपमा एक महिना भित्रमा संबन्धन प्राप्त क्याम्पस/कलेजहरुले डीन कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

१०. भर्ना सम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ।

...........................
डा.किशोर चन्द्र दाहाल
सहायक डीन एंव
संयोजक भर्ना समिति